नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना तथा व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

प.स.: शै.सू.व्य. २०७८/७९ मिति : २०७८।१०।१७

च.नं. : ६८

**विषयः IEMIS अद्यावधिक भएका विद्यालयहरुको विवरण बारे ।**

**श्री स्थानीय तह**
**सबै ।**

प्रस्तुत विषयमा यस केन्द्रको च.नं. १ मिति २०७८।०४।०७ र च.नं. २३ मिति २०७८।०५।१६ को पत्रबाट शैक्षिक सत्र २०७८ को एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) अद्यावधिक गर्नका लागि सबै विद्यालय तथा सहजीकरणका लागि सबै स्थानीय तहहरुलाई अनुरोध गरिएको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा आर्थिक बर्ष २०७९/०८० को कार्यक्रम तथा बजेट तयारीका लागि मिति २०७८ पौष १६ (तदनुसार ३१ डिसेम्बर २०२१) सम्म अद्यावधिक भएको विवरणका प्रयोग गर्ने यस केन्द्रबाट मिति २०७८ पौष १४ मा निर्णय भएको व्यहोरा जानकारी गराइन्छ । तसर्थ सार्वजनिक भएको विवरण सत्यापन गरी मिति २०७८ फाल्गुण ५ गते भित्र यस केन्द्र (iemis@cehrd.gov.np) मा जानकारी दिनु हुन अनुरोध छ । साथै IEMIS अद्यावधिक नगरेका सामुदायिक विद्यालयहरुले आर्थिक बर्ष २०७९।०८० मा कुनै प्रकारको अनुदान प्राप्त नगर्ने, यस्ता सामुदायिक तथा संस्थागत विद्यालयहरुको अभिलेख IEMIS बाट क्रमशः हटाइने व्यहोरा समेत सम्बन्धित विद्यालयहरुलाई जानकारी दिनु हुन निर्णय अनुसार अनुरोध छ ।

रामचन्द्र शर्मा
निर्देशक

**बोधार्थ**

श्री शिक्षा विकास तथा समन्वय इकाइ
(सबै): आवश्यक समन्वय एवम् सहजीकरण गर्नु गराउनु हुन ।